# झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम

# Trail Bridge Sector Wide Approach (TB SWAp)

# निर्देशिका

# २०६६

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
ग्रामीण पूर्वाधार विकास तथा कृषि सडक विभाग
ग्रामीण सडक महाशाखा

**विषय सूची** **पा.नं.**


| | | |
|---|---|---|
| **परिच्छेद-१ परिचय** | | **१** |
| १.१ | कार्यक्रमको चिनारी | १ |
| १.२ | कार्यक्रमको कार्यक्षेत्र | १ |
| १.३ | कार्यक्रमको उद्देश्य | १ |
| १.४ | कार्यक्रमको संभागहरू | २ |
| १.५ | कार्य अभिभारा | २ |
| १.६ | क्षेत्रगत कार्यक्रम | २ |
| **परिच्छेद-२ रणनीति तथा दिग्दर्शन** | | **३** |
| २.१ | झोलुङ्गे पुल रणनीति, २०६२ | ३ |
| २.२ | दिग्दर्शनहरू (Manual) तथा हातेपुस्तिकाहरू (Handbook) | ३ |
| **परिच्छेद-३ योजना तथा कार्यान्वयन** | | **४** |
| ३.१ | प्रस्तावित वार्षिक कार्यक्रम | ४ |
| ३.२ | प्राथमिकता क्रम | ४ |
| ३.३ | योजना अवधि - निर्माण कार्य | ४ |
| ३.४ | योजना अवधि - बृहत मर्मत/पुनर्स्थापना/जिर्णोद्धार | ४ |
| ३.५ | योजना अवधि - पहुँच मार्ग सुधार | ४ |
| ३.६ | कार्यान्वयन गर्ने निकाय | ५ |
| ३.७ | टर्न-की ठेक्का प्रथा | ५ |
| ३.८ | उपभोक्ता समितिको व्यवस्थापन खर्च | ५ |
| ३.९ | पहुँच मार्ग सुधार कार्य | ५ |
| **परिच्छेद-४ लगत इस्टिमेट, निर्माण सामग्री र गुणस्तर नियन्त्रण** | | **६** |
| ४.१ | लगत इस्टिमेट | ६ |
| ४.२ | फलामे लठ्ठा तथा बुल्डग ग्रिप्स | ६ |
| ४.३ | छोटोतरिको झो.पु.को निर्माण सामग्री | ६ |
| ४.४ | लामोतरिको झो.पु.को निर्माण सामग्री | ६ |
| ४.५ | केन्द्रबाट उपलब्ध हुने सामग्री | ६ |
| ४.६ | केन्द्रबाट सामग्री उपलब्ध नहुने | ७ |
| ४.७ | OPC सिमेन्टको | ७ |
| ४.८ | पहुँच मार्गका निर्माण औजारहरू | ७ |
| ४.९ | नियमित मर्मतका औजारहरू | ७ |
| ४.१० | गुणस्तर नियन्त्रण | ७ |
| ४.११ | प्राविधिक जाँचपास | ८ |
| ४.१२ | तेश्रो पक्ष प्राविधिक परीक्षण | ८ |
| ४.१३ | भार परीक्षण | ८ |
| ४.१४ | निर्माण सुधार कार्य | ८ |
| **परिच्छेद-५ कामदारको सुरक्षा** | | **९** |
| ५.१ | कामदारको बीमा | ९ |
| ५.२ | कामदारको सुरक्षा | ९ |

| | | |
|---|---|---|
| **परिच्छेद-६ सुशासन** | | **१०** |
| ६.१ | समावेशी उपभोक्ता समितिको गठन | १० |
| ६.२ | उपेक्षितलाई रोजगारी | १० |
| ६.३ | समयमा ज्यालाको भुक्तानी | १० |
| ६.४ | पारदर्शिता | १० |
| **परिच्छेद-७ प्राविधिक सहयोग तथा परामर्श सेवा** | | **११** |
| ७.१ | प्राविधिक सहयोग | ११ |
| ७.२ | परामर्श सेवा शुल्क निर्धारण | ११ |
| **परिच्छेद-८ तालिम** | | **१२** |
| ८.१ | झो.पु. सम्बन्धी तालिम तथा गोष्ठीहरू | १२ |
| ८.२ | तालिममा सहभागिता | १२ |
| ८.३ | कार्यशाला गोष्ठी | १२ |
| ८.४ | नियमित मर्मत तालिम | १२ |
| ८.५ | नमूना झो.पु. तालिम | १२ |
| ८.६ | व्यवहारिक तालिम (On-the-Job Training) | १३ |
| ८.७ | अभिमुखीकरण गोष्ठी | १३ |
| **परिच्छेद-९ लेखा तथा लेखापरीक्षण** | | **१४** |
| ९.१ | जिल्ला स्तरमा छुट्टै झो.पु. खाता | १४ |
| ९.२ | बिनियोजित प्रयोजनको लागि खर्च | १४ |
| ९.३ | DRILP तथा RRRSDP कार्यक्रम जिल्लामा झो.पु. निर्माण | १४ |
| ९.४ | कार्य प्रगतिको आधारमा निकासा | १४ |
| ९.५ | उपभोक्ता समितिलाई निकासा | १५ |
| ९.६ | नियमित मर्मत कार्यको निकासा | १५ |
| ९.७ | लागतको बाँडफाँट | १५ |
| ९.८ | लेखा परीक्षण | १५ |
| **परिच्छेद-१० रिर्पोटिङ्ग** | | **१६** |
| १०.१ | भौतिक प्रगति विवरण तथा खर्चको फाँटवारी | १६ |
| १०.२ | समावेशिकरण तथा रोजगारी | १६ |
| १०.३ | प्रभावकारिता अध्ययन | १६ |
| **परिच्छेद-११ अभिलेख तथा समिक्षा** | | **१७** |
| ११.१ | जिल्ला झोलुङ्गे पुल रेकर्ड | १७ |
| ११.२ | नेपाल झोलुङ्गे पुल रेकर्ड | १७ |
| ११.३ | जिल्ला यातायात गुरू योजना | १७ |
| ११.४ | कार्यक्रमको जिल्लागत समिक्षा | १७ |
| ११.५ | गै.स.सं.को खर्च कार्य समिक्षा | १७ |
| ११.६ | संशोधन | १७ |

# झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम
# (Trail Bridge Sector Wide Approach)
# SWAp
# निर्देशिका - २०६६

## परिच्छेद - १ : परिचय

### १.१ कार्यक्रमको चिनारी

नेपालका सबै गाँउ तथा बस्तीहरूलाई सडक सञ्जालसंग जोड्न सकिएको छैन । ग्रामीण क्षेत्रका बासिन्दाहरूको लागि एउटा अत्यन्त महत्वपूर्ण र भरपर्दो यातायातका साधनको रूपमा पैदलमार्ग नै रहेको छ । पैदलमार्गमा पर्ने नदी र खोलाहरू तर्न सुरक्षित साधनको रूपमा झोलुङ्गे पुलको निर्माण हुँदै आईरहेको छ ।

नेपालमा झोलुङ्गे पुलहरूको निर्माणमा नेपाल सरकार, स्थानीय निकाय, समुदाय लगायत विभिन्न मित्रराष्ट्र र दातृ संस्थाहरूको सहयोग निरन्तर रूपमा प्राप्त हुँदै आइरहेको छ । आ.व. २०६५/०६६ सम्मा लगभग चार हजार दुई सय झोलुङ्गे पुलहरूको निर्माण भई सकेको छ र एक अध्ययन अनुसार अझै पनि छ हजार झोलुङ्गे पुलको आवश्यकता रहेको छ ।

विभिन्न मित्रराष्ट्र र दातृ संस्थाहरूको सहयोगमा फरक–फरक ढंगले कार्यक्रमहरू संचालन हुने गरेकोले अपेक्षा अनुसारको प्रतिफल प्राप्त हुन सकेको छैन । अतः नेपाल सरकार, स्थानीय निकायहरू तथा दातृ संस्थाहरूका बीचमा समन्वय र एकरूपता कायम गर्नु पर्ने आवश्यकता महसुस गरी नेपाल सरकार र दातृ संस्थाहरू बीच ग्रामीण यातायात पूर्वाधारको क्षेत्रमा नेपाल सरकार कै नीति र कार्यक्रम संचालन प्रक्रिया तथा नेपाल सरकार कै अग्रसरतामा कार्यक्रम संचालन गर्ने आशयको सहमति भएको छ ।

झोलुङ्गे पुल कार्यक्रम पूर्णरूपले विकेन्द्रीत कार्यक्रमको रूपमा संचालित भई सकेको र झोलुङ्गे पुलको योजना तर्जुमा, निर्माण तथा संचालन स्थानीय निकाय र लाभान्वित जनसमुदाय मार्फत नै हुने गरेको छ । झोलुङ्गे पुल कार्यक्रम कार्यान्वयनको लागि झोलुङ्गे पुल रणनीति, २०६२ तथा प्राविधिक र समाजिक परिचालन सम्बन्धी दिग्दर्शनहरू समेत तयार भई कार्यान्वयन भई रहेको छ । झोलुङ्गे पुल कार्यक्रमलाई क्षेत्रगत कार्यक्रमको रूपमा संचालन गर्न आवश्यक रणनीति, दिग्दर्शन, स्टैनडर्ड, नर्म्स आदि सबै तयार अवस्थामा नै रहेकाले नेपाल सरकारले आ.व. २०६६/०६७ देखि झोलुङ्गे पुल कार्यक्रमलाई क्षेत्रगत कार्यक्रमको रूपमा संचालन गर्ने निर्णय गरेको छ ।

### १.२ कार्यक्रमको कार्यक्षेत्र

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत झोलुङ्गे पुलहरूको निर्माण तथा मर्मत सबै जिल्लाहरूमा संचालन गरिनेछ ।

लामो तरिको र छोटो तरिको सस्पेन्डेड तथा सस्पेन्सन झोलुङ्गे पुल, स्टील ट्रस बृज तथा पहुँच मार्गको सुधार कार्यहरू झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको कार्यक्षेत्रमा पर्दछन् ।

झोलुङ्गे पुलहरूको नियमित मर्मत, बृहत मर्मत, पुनर्स्थापना/जिर्णोद्धार तथा नयाँ निर्माण जस्ता सम्पूर्ण कार्यहरू झो.पु. क्षेत्रगत कार्यक्रमको कार्यक्षेत्रमा पर्दछन् ।

### १.३ कार्यक्रमको उद्देश्य

यस कार्यक्रमको मुख्य उद्देश्य एक घंटाभन्दा बढीको फेरो लगाउनु नपर्ने गरी झोलुङ्गे पुलको निर्माण तथा मर्मत गरी स्थानीय जनतालाई नदी खोला तर्न सुरक्षित तथा भरपर्दो यातायातको सुविधा उपलब्ध गराई हाट/बजार, आधारभूत सेवा (स्वास्थ्य, विद्यालय, प्रशासनिक सेवा केन्द्र आदि), समाजिक र सांस्कृतिक केन्द्रहरूमा पहुँच सुनिश्चित गराउनु रहेको छ ।

यस कार्यक्रमले समुदायलाई संगठित गरी विकास कार्यमा अभिप्रेरित गर्नेछ र साथै स्थानीय स्तरमा ज्ञान र शीपमा अभिबृद्धि गर्नेछ। झोलुङ्गे पुल निर्माण कार्यले स्थानीय जनतालाई रोजगारी समेत उपलब्ध गराउने छ। यस कार्यक्रमले गरीबी निवारणमा टेवा पुऱ्याउने अपेक्षा राखेको छ।

## १.४ कार्यक्रमका संभागहरू

झोलुङ्गे पुलको क्षेत्रगत कार्यक्रमलाई निम्न संभागहरूमा विभाजन गरिएको छ -

क) **छोटोतरिको झो.पु.**: यस अन्तर्गत स्टील ट्रस तथा १२० मि. सम्म लम्बाईका सस्पेन्डेड र सस्पेन्सन झोलुङ्गे पुलहरू पर्दछन्।

ख) **लामोतरिको झो.पु.**: यस अन्तर्गत १२० मि. भन्दा बढी ३५० मि. सम्म लम्बाईका सस्पेन्डेड र २८० मि. सम्म लम्बाईका सस्पेन्सन झोलुङ्गे पुलहरू पर्दछन्।

ग) **बिशिष्ट झो.पु.**: यस अन्तर्गत ३५० मि. भन्दा बढी लम्बाईका सस्पेन्डेड र २८० मि. भन्दा बढी लम्बाईका सस्पेन्सन तथा प्राविधिक दृष्टिकोणले अत्यन्त चुनौतीपूर्ण र राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण झोलुङ्गे पुलहरू पर्दछन्।

## १.५ कार्य अभिभारा

झोलुङ्गे पुल सम्बन्धी सम्पूर्ण कार्यको अभिभारा जि.वि.स.को हुनेछ।

जि.प्रा.का.ले झोलुङ्गे पुल सम्बन्धी सम्पूर्ण कार्य गर्न गराउनको लागि ग्रामीण पुल शाखा स्थापित गर्नु पर्नेछ। जि.प्रा.का.ले झोलुङ्गे पुल सम्बन्धी अभिभारा झोलुङ्गे पुल सम्बन्धी तालिम लिएका प्राविधिकहरूलाई नै दिनेछ।

## १.६ क्षेत्रगत कार्यक्रम

जि.वि.स./जि.प्रा.का. मार्फत झो.पु.हरूको निर्माण तथा मर्मतका सम्पूर्ण कार्यक्रम झो.पु. क्षेत्रगत कार्यक्रममा समावेश गरी गराउनु पर्नेछ।

# परिच्छेद - २
# रणनीति तथा दिग्दर्शन

झोलुङ्गे पुल कार्यक्रम सम्बन्धी प्रक्रिया, प्रविधिको छनौट र कार्यशैली तथा विभिन्न सरोकारवालाका काम कर्त्तव्यहरू झोलुङ्गे पुल रणनीतिमा तोकिएको छ। साथै झोलुङ्गे पुलको गुणस्तर सुनिश्चित गर्न गराउनका लागि स्टेन्डर्ड, नर्म्स, स्पेशिफिकेशन आदि झो.पु. सम्बन्धी दिग्दर्शनहरूमा सबिस्तार उल्लेख गरिएको छ।

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमले तल उल्लेख गरिएका रणनीति तथा दिग्दर्शनको पालना अनिवार्य गरेको छ। झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको श्रोत साधन परिचालन नगरी अन्य श्रोत साधनबाट निर्माण/मर्मत गरिने झोलुङ्गे पुलहरूको कार्यान्वयनमा समेत रणनीति दिग्दर्शनहरूको पालना अनिवार्य रूपले गर्नु पर्नेछ।

## २.१ झोलुङ्गे पुल रणनीति, २०६२

## २.२ दिग्दर्शनहरू (Manual) तथा हातेपुस्तिकाहरू (Handbook)

क) छोटोतरिको सस्पेन्डेड झो.पु. सम्बन्धी प्राविधिक हातेपुस्तिका भाग - १,२ र ३
ख) छोटोतरिको सस्पेन्सन झो.पु. सम्बन्धी प्राविधिक हातेपुस्तिका भाग - १,२ र ३
ग) लामोतरिको झो.पु. सम्बन्धी दिग्दर्शनहरू
- भाग-१ : डिजाइन
- भाग-२ : सर्भे
- भाग-३ : स्टान्डर्ड ड्रइगंस (नक्सा)
- भाग-४ : निर्माण

घ) स्टील ट्रस पुल दिग्दर्शन
ङ) समाजिक परिचालन तथा संगठनात्मक सहयोग दिग्दर्शन
च) परामर्श सेवा दिग्दर्शन
छ) ठेका (निर्माण सामग्री तथा निर्माण कार्यको लागि) सम्बन्धी दिग्दर्शन
ज) गुणस्तर नियन्त्रण सम्बन्धी दिग्दर्शन
झ) झो.पु. तालिम सम्बन्धी दिग्दर्शन (सेवामा रहेका ईन्जिनियरहरूको लागि)
ञ) झो.पु. तालिम सम्बन्धी दिग्दर्शन (सेवामा रहेका सब-ईन्जिनियरहरूको लागि)
ट) झो.पु. तालिम सम्बन्धी दिग्दर्शन (सेवामा रहेका सहायक सब-ईन्जिनियरहरूको लागि)
ठ) नियमित मर्मत सम्बन्धी दिग्दर्शन
ड) नमूना झोलुङ्गे पुल तालिम सम्बन्धी दिग्दर्शन
ढ) गैरसरकारी संस्था परिचालन सम्बन्धी निर्देशिका
ण) सार्वजनिक सुनुवाई, सार्वजनिक पुनरावलोकन तथा सार्वजनिक परीक्षण सम्बन्धी निर्देशिका

# परिच्छेद - ३
# योजना तथा कार्यान्वयन

## ३.१ प्रस्तावित वार्षिक कार्याक्रम

जिल्ला भरिका सम्पूर्ण झोलुङ्गे पुलहरूको माँग संकलन गरी निर्धारित आधार (Criteria) मा प्राथमिकता निर्धारण गरी तथा जिल्ला परिषदबाट स्वीकृत गराई वार्षिक कार्यक्रम तयार गर्नु पर्नेछ तथा जिल्ला विकास समितिको वार्षिक कार्यक्रममा समावेश भएको हुनु पर्नेछ । जि.वि.स.ले झोलुङ्गे पुलको कार्यक्रमको वार्षिक योजना तर्जुमा गर्दा जिल्ला परिषदले स्वीकृत गरेको झोलुङ्गे पुल सम्बन्धी बिस्तृत सूचीलाई ध्यान दिनु पर्नेछ । जि.वि.स.ले अगामि आर्थिक वर्षको कार्यक्रम तथा बजेट तयार गरी डोलिडारमा पुष मसान्त सम्ममा आइपुग्ने गरी पठाउनु पर्नेछ । जि.वि.स./जि.प्रा.का.ले झोलुङ्गे पुलको जिल्ला स्तरमा स्वीकृत कार्यक्रम (झोलुङ्गे पुलहरूको नाम, स्थान आदि खुलाई नियमित तथा बृहत मर्मत, क्रमागत र नयाँ आयोजनाको लागि) तयार गरी जानकारीको लागि डोलिडारमा भाद्र मसान्तसम्ममा अनिवार्यरूपले पठाउनेछ ।

## ३.२ प्राथमिकता क्रम

झोलुङ्गे पुल कार्यक्रमको प्राथमिकता निम्नानुसार हुनेछ -

| | | | |
|---|---|---|---|
| क) | पहिलो प्राथमिकता | - | नियमित मर्मत |
| ख) | दोश्रो प्राथमिकता | - | बृहत मर्मत |
| ग) | तेश्रो प्राथमिकता | - | जिर्णोद्धार/पुनर्निर्माण |
| घ) | चौथो प्राथमिकता | - | क्रमागत निर्माण योजना |
| ङ) | पाँचौ प्राथमिकता | - | नयाँ निर्माण योजना |
| च) | छठौं प्राथमिकता | - | पहुँच मार्ग सुधार |

## ३.३ योजना अवधि - निर्माण कार्य

झोलुङ्गे पुल निर्माण कार्यक्रम तर्जुमा गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ अनुसार गुरू योजना तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराई सामन्यतया दुई वर्षभित्र निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ ।

- पहिले वर्षमा गरिने कार्यहरू
  - सर्भे/डिजाइन तथा ल.ई.
  - सामुदायिक सम्झौता (छोटोतरिको झो.पु.को लागि)
  - ठेक्का-पट्टा (लामोतरिको झो.पु.को लागि)
  - फेब्रिकेशन कार्य
- दोश्रो वर्षमा गरिने कार्यहरू
  - निर्माण कार्य सम्पन्न
  - जाँचपास तथा सार्वजनिक परिक्षण
  - हिसाब फरफारक

## ३.४ योजना अवधि - बृहत मर्मत/पुनर्स्थापना/जिर्णोद्धार

झो. पु. को बृहत मर्मत / पुनर्स्थापना/जिर्णोद्धार कार्यहरू एक आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी योजना तर्जुमा गर्नु पर्नेछ ।

## ३.५ योजना अवधि - पहुँच मार्ग सुधार

पहुँच मार्ग सुधार कार्य एक आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी योजना तर्जुमा गर्नु पर्नेछ ।

## ३.६ कार्यान्वयन गर्ने निकाय

छोटोतरिको (१२० मि. सम्म लम्बाई भएका) झो.पु. निर्माण तथा मर्मत कार्यको लागि प्राविधिक तथा सामाजिक सेवा प्रदान गर्न जि.वि.स.ले स्थानीय गै.स.सं.लाई नियुक्त गर्नेछ ।

छोटोतरिको (१२० मि. सम्म लम्बाई भएका) झोलुङ्गे पुलहरूको निर्माण तथा बृहत मर्मत कार्य जि.वि.स.ले उपभोक्ता समिति मार्फत गराउनेछ ।

लामोतरिको (१२० मि. भन्दा बढी लम्बाई भएका) झोलुङ्गे पुलहरूको निर्माण कार्य जि.वि.स.ले ठेक्का प्रथाद्वारा गराउनेछ ।

डोलीडारले ३५० मि. भन्दा लामो सस्पेन्डेड झोलुङ्गे पुल र २८० मि. भन्दा लामो सस्पेन्सन झोलुङ्गे पुल लगायत प्राविधिकरूपले चुनौतीपूर्ण झो.पु. तथा राष्ट्रिय दृष्टिकोणले विशिष्ट महत्व राख्ने खालका झोलुङ्गे पुलहरूको निर्माण तथा मर्मत केन्द्रीय कार्यक्रमको रूपमा गराउनेछ ।

## ३.७ टर्न-की ठेक्का प्रथा

लामोतरिको झोलुङ्गे पुलको निर्माण कार्य टर्न-की प्रणाली अनुसार ठेक्कामा दिइनेछ ।

## ३.८ उपभोक्ता समितिको व्यवस्थापन खर्च

उपभोक्ता समितिलाई झो.पु. निर्माण/मर्मत कार्य सहजरूपले गर्नको लागि जि.वि.स.ले तयार गरेको सम्बन्धित निर्देशिकामा व्यवस्था भए अनुसार बढीमा ३ प्रतिशत अथवा झो.पु.को ल.ई.मा उपभोक्ता समितिको व्यवस्थापन शिर्षकमा उल्लेख भएको रकम व्यवस्थापन खर्चको लागि जि.वि.स.ले उपलब्ध गराउनेछ ।

## ३.९ पहुँच मार्ग सुधार कार्य

जि.वि.स.ले झोलुङ्गे पुलसम्म आवत-जावत गर्न पहुँच मार्ग (Access Trail) को सुधार गर्न आवश्यक भएमा झो.पु.का दुवै किनारामा गरी बढीमा १ कि.मि. सम्मको पहुँच मार्ग सुधार गर्न योजना तर्जुमा गरी कार्यान्वयन गर्न गराउनेछ ।

# परिच्छेद - ४
# लगत इस्टिमेट, निर्माण सामग्री र गुणस्तर नियन्त्रण

## ४.१ लगत इस्टिमेट

छोटोतरिको झोलुङ्गे पुलको सर्भे, डिजाइन तथा ल.ई. गै.स.सं.ले तयार गर्नेछ तथा सो मा डोलिडार/झो.पु.शाखाको तर्फबाट ट्रेल बृज सपोर्ट युनिटको सहमति प्राप्त भएपछि जि.वि.स.ले स्वीकृत गर्नेछ ।

लामोतरिको झोलुङ्गे पुलको सर्भे, डिजाइन तथा ल.ई. नीजिक्षेत्रका प्राविधिक परामर्शदाता मार्फत जि.वि.स.ले तयार गराउनेछ तथा सो मा डोलिडार/झो.पु.शाखाको तर्फबाट ट्रेल बृज सपोर्ट युनिटको सहमति प्राप्त भएपछि जि.वि.स.ले स्वीकृत गर्नेछ ।

डोलिडार/झो.पु.शाखाको वेभसाइटमा उल्लेख गरिएको दररेट वा रोलिङ्ग मिलहरूबाट स्टीलको दररेट संकलन गरी जिल्ला दररेट समितिबाट स्वीकृत गराई डोलिडारबाट उपलब्ध गराईएको नर्म्स अनुसार फेब्रिकेशन तथा ग्यालभेनाइज्ड स्टील पार्टसको दररेट निर्धारण गरी ल.ई. तयार गरिनेछ ।

झोलुङ्गे पुलको लागि ढुवानी, ज्याला तथा निर्माण सामग्रीका दररेटहरू समेत जिल्ला दररेट समितिले पास गरेको दररेटहरू अनुसार नै हुनेछ ।

## ४.२ फलामे लठ्ठा तथा बुल्डग ग्रिप्स

झोलुङ्गे पुल निर्माणका लागि आवश्यक सामग्रीहरू मध्ये फलामे लठ्ठा र बुल्डग ग्रिप्स (Bulldog Grips) सुरक्षाका दृष्टिकोणले अत्यन्त महत्वपूर्ण तथा संवेदनशिल छन् । खरीदकर्त्ताको तर्फ बाट यी सामग्रीहरू खरीद गर्दा कच्चा पदार्थ तथा निर्माणका प्रक्रियाहरू लगायत तयार सामग्रीको गुण स्तरको सुनिश्चता विशेषज्ञद्वारा गराई राख्नु पर्ने हुन्छ । यी सामग्रीहरू आपूर्ति गर्न लगभग एक वर्ष लाग्दछ तथा प्रत्येक झो.पु.को आवश्यकता अनुसार खरीद नगरी ठूलो परिमाणमा खरीद गर्नु पर्ने भएकोले यी सामग्रीहरूको आपूर्ति केन्द्रिय स्तरबाट गरिनेछ ।

## ४.३ छोटोतरिको झो.पु.को निर्माण सामग्री

छोटोतरिको झो.पु.हरूको लागि आवश्यक निर्माण सामग्री जस्तै सिमेन्ट, फलामे पार्टपुर्जा र सामग्री, ज्यावल र औजारहरू, ग्याबियन वायर आदि (फलामे लठ्ठा र बुल्डग ग्रिप्स बाहेक) को आपूर्ति जि.वि.स.ले गर्नेछ । जि.वि.स.ले निर्माण सामग्रीहरू पहिलो चरणको कार्य सम्पन्न भएपछि उपभोक्ता समितिलाई उपलब्ध गराउनेछ । निर्माण स्थलमा उपलब्ध हुने बालुवा, गिट्टी, ढुङ्गा जस्ता निर्माण सामग्रीको खरीद अथवा व्यवस्था उपभोक्ता समितिले नै गर्नेछ ।

## ४.४ लामोतरिको झो.पु.को निर्माण सामग्री

लामोतरिको झो.पु.हरूको लागि आवश्यक निर्माण सामग्री (फलामे लठ्ठा तथा बुल्डग ग्रिप्स बाहेक) को खरिद एवं आपूर्ति गर्ने दायित्व ठेकेदारको हुनेछ । फलामे लठ्ठा तथा बुल्डग ग्रिप्स जि.वि.स. मार्फत उपलब्ध गराइनेछ ।

## ४.५ केन्द्रबाट उपलब्ध हुने सामग्री

डोलिडारले झो.पु.क्षेत्रगत कार्यक्रम अन्तर्गत निर्माण/मर्मत गरिने झोलुङ्गे पुलहरूको लागि आवश्यक फलामे लठ्ठा तथा बुल्डग ग्रिप्स जि.वि.स./जि.प्रा.का.को अनुरोधमा उपलब्ध गराउनेछ ।

## ४.६ केन्द्रबाट सामग्री उपलब्ध नहुने

जिल्ला स्तरमा झो.पु.क्षेत्रगत कार्यक्रममा समावेश नगरिएका र अन्य श्रोत साधन परिचालन गरी निर्माण/मर्मत हुने झोलुङ्गे पुलको लागि केन्द्रबाट फलामे लट्ठा तथा बुल्डग ग्रिप्स उपलब्ध हुने छैन ।

## ४.७ OPC सिमेन्ट

झोलुङ्गे पुल निर्माण मर्मत कार्यको लागि OPC ४३ वा ५३ ग्रेडका डोलिडारद्वारा झो.पु. कार्यक्रमको लागि निर्धारित ब्राण्डका सिमेन्टको प्रयोग गरिनेछ ।

## ४.८ पहुँच मार्गका निर्माण औजारहरू

पहुँच मार्गका लागि आवश्यक ज्यावल र औजारहरू जि.वि.स./जि.प्रा.का.ले उपलब्ध गराउनेछ । यस कार्यको लागि प्राविधिक सहयोग ट्रेल बृज सपोर्ट युनिटले उपलब्ध गराउनेछ ।

## ४.९ नियमित मर्मतका औजारहरू

जि.वि.स.ले झो.पु.को नियमित मर्मतको लागि आवश्यक औजारहरू खरीद गरी पुल संरक्षक/संरक्षिका/पुल मर्मत समितिलाई उपलब्ध गराउनेछ ।

## ४.१० गुणस्तर नियन्त्रण

झोलुङ्गे पुलहरूको निर्माण तथा मर्मत कार्यको गुणस्तर सुनिश्चित गर्ने गराउने जिम्मेवारी जिल्ला प्राविधिक कार्यालयको हुनेछ ।

झोलुङ्गे पुलको गुणस्तर सुनिश्चित गर्ने गराउने कार्य **"गुणस्तर नियन्त्रण"** दिग्दर्शन अनुसार गरिनेछ ।

जि.वि.स.ले छोटोतरिको झोलुङ्गे पुल फेब्रिकेशनको ठेक्का सम्झौताको एक प्रति ट्रेल बृज सपोर्ट युनिटलाई ठेक्का सम्झौता भएको ७ (सात) दिन भित्र उपलब्ध गराउनु पर्नेछ । फेब्रिकेशन कार्य प्रारम्भ गर्नु अगाडि फेब्रिकेशनको लागि प्रयोग गरिने स्टीलको नमूना ट्रेल बृज सपोर्ट युनिट/जि.प्रा.का.ले संकलन गरी जाँच गर्नेछ तथा फेब्रिकेशनमा प्रयोग गरिने नमूना पास भएपछि मात्र फेब्रिकेशन कार्य प्रारम्भ गरिनेछ ।

जि.वि.स. वा डोलिडार र ट्रेल बृज सपोर्ट युनिटले झोलुङ्गे पुलको गुणस्तरको जाँच नीजिक्षेत्रका परामर्शदाता मार्फत गराउन सक्नेछ ।

डोलिडारले झोलुङ्गे पुलको गुणस्तरको जाँच जुनसुकै निर्माण स्थलमा निर्माणको जुनसुकै अवस्थामा वा निर्माण पछि पनि गर्न सक्नेछ ।

जि.प्रा.का.ले निर्माण सामग्रीहरूको गुणस्तर जाँचको लागि सामग्रीको नमूना ट्रेल बृज सपोर्ट युनिटलाई उपलब्ध गराई जाँच गराउनेछ वा स्वंय पनि जाँच गराउन सक्नेछ । ट्रेल बृज सपोर्ट युनिटले स्वंय पनि निर्माण सामग्रीहरूको नमूना संकलन गरी जाँच गराउन सक्नेछ तथा निर्माण स्थलमा कार्यको गुणस्तरको जाँच गर्न सक्नेछ । जि.प्रा.का.ले झोलुङ्गे पुलको गुणस्तर जाँचको लागि निर्माण कार्यका विभिन्न चरणका फोटोहरू प्रमाणको रूपमा सुरक्षित राखिने प्रबन्ध मिलाउनु पर्नेछ ।

लामोतरिको झोलुङ्गे पुलको हकमा निर्माण सामग्री तथा निर्माण कार्य (Civil Work) को गुणस्तर सुनिश्चित गराउने दायित्व ठेकेदारको हुनेछ । जि.प्रा.कार्यालय/वा ट्रेल बृज सपोर्ट युनिटले पनि निर्माण सामग्रीको नमुना संकलन गरी गुणस्तरको जाँच गर्ने गराउने छ र कार्यको गुण्स्तरको जाँच समेत गर्ने गराउनेछ ।

## ४.११ प्राविधिक जाँचपास

निर्माण सम्पन्न भएपछि प्राविधिक जाँचपास जिल्ला प्राविधिक कार्यालय, ट्रेल बृज सपोर्ट युनिट तथा गै.स.सं.का प्राविधिकहरूले उपभोक्ता समितिका पदाधिकारीहरूको रोहवरमा गर्नेछ ।

लामोतरिको झो.पु.को प्राविधिक जाँचपास जि.प्रा.का ईन्जिनियर तथा ट्रेल बृज सपोर्ट युनिटका ईन्जिनियरले ठेकेदारको रोहवरमा गर्नेछन् ।

## ४.१२ तेश्रो पक्ष प्राविधिक परीक्षण

राष्ट्रिय सतर्कता केन्द्रले झो.पु.को गुणस्तरको तेश्रो पक्षद्वारा प्राविधिक परीक्षण गराउन सक्नेछ ।

## ४.१३ भार परीक्षण

झोलुङ्गे पुलको निर्माण सम्पन्न भए पछि ग्रामीण पुल शाखा/डोलिडार, ट्रेल बृज सपोर्ट युनिट र जि.वि.स.ले छनौट गरेका झोलुङ्गे पुलहरूको गुणस्तर परीक्षणको लागि भार परीक्षण गरिनेछ । भार परीक्षण सम्बन्धी खर्च झो.पु. क्षेत्रगत कार्यक्रमको बजेटबाट बेहोरिनेछ ।

## ४.१४ निर्माण सुधार कार्य

झोलुङ्गे पुलको निर्माणको क्रममा वा निर्माण कार्य सम्पन्न भई जाँचपास गर्दा निर्माण कार्य त्रृटिपूर्ण देखिएमा सो कार्यहरू प्राविधिक निर्देसाअनुसार सुधार गर्नु पर्नेछ । त्रृटिपूण कार्य सुधार गर्दा लाग्ने सम्पूर्ण खर्च जि.वि.स.को कोषबाट बेहोर्नु पर्नेछ ।

# परिच्छेद - ५
# कामदारको सुरक्षा

## ५.१ कामदारको बिमा तथा क्षतिपूर्ती

५.१.१ झो. पु. को निर्माण तथा निर्माण सामग्रीहरूको ढुवानीको कार्यमा संलग्न कामदारहरूको उक्त कार्यमा संलग्न रहेको अवस्थामा दुर्घटनामा परी तत्कालै वा उपचारको क्रममा मृत्यु भएमा निजले खाईपाई आएको ३ वर्षको रकम बराबर हुने गरी दुर्घटना बिमा गराउनु पर्नेछ ।

५.१.२ झो. पु. को निर्माण तथा निर्माण सामग्रीहरूको ढुवानीको कार्यमा संलग्न कामदारहरूको शरिरमा उक्त कार्यमा संलग्न रहेको अवस्थामा कुनै चोटपटक लागेमा नेपाल सरकारको मान्यता प्राप्त चिकित्सकको सिफारिश बमोजिम उपचारमा लागेको सम्पूर्ण खर्च क्षतिपूर्ती वापत उपलब्ध गराउनु पर्नेछ । यस्तो चोटपटक लागेको कामदारले उक्त अवधिमा घरमा बसि उपचार गराऐका भएमा आधा र अस्पतालमा भर्ना भै उपचार गराएको भएमा पुरा पारिश्रमिक समेत पाउनेछ ।

५.१.३ झो. पु. को निर्माण तथा निर्माण सामग्रीहरूको ढुवानीको कार्यमा संलग्न कुनै कामदारको उक्त कार्यमा संलग्न रहेको अवस्थामा अँगभँग भएमा श्रम नियमावली, २०५० को अनुसूचीमा उल्लेखित असक्षमताको प्रतिशतको आधारमा बढिमा निजले खाईपाई आएको ५ वर्षको पारिश्रमिक बराबरको रकममा नबढ्ने गरी क्षतिपूर्ती उपलब्ध गराउनु पर्नेछ ।

५.१.४ उपरोक्तानुसारका बिमा तथा क्षतिपूर्ती सम्बन्धी सुविधा सम्बन्धित जिल्ला प्राविधिक कार्यालयका झो.पु. निर्माणको रेखदेखमा संलग्न २ जना प्राविधिक कर्मचारी तथा गै.स.सं. का प्राविधिक र सामाजिक परिचालक गरी २ जनाले समेत प्राप्त गर्नेछन् ।

५.१.५ पारिश्रमिकको गणना गर्दा कामदारको हकमा सम्झौता भएको वर्षको सम्बन्धित जिल्लाको दररेट र कर्मचारीको हकमा तत्काल कायम रहेको पारिश्रमिकलाई आधार मान्नु पर्नेछ ।

५.१.६ यस्तो बिमा तथा क्षतिपूर्ती सुविधा छोटोतरिको झो.पु.को निर्माणमा संलग्न कामदार तथा जिल्ला प्राविधिक कार्यालयका कर्मचारी र गै.स.सं.का कर्मचारीको हकमा सम्बन्धित जि.वि.स.को कार्यालय तथा लामो तरिको निर्माणमा संलग्न कामदार र कर्मचारीहरूको हकमा सम्बन्धित निर्माण व्यवसायीले उपलब्ध गराउनु पर्नेछ ।

## ५.२ कामदारको तथा कर्मचारीको सुरक्षा

छोटोतरिको झो.पु.को लागि निर्माण स्थलमा काम गर्दा कामदारहरूको सुरक्षाको लागि आवश्यक पर्ने सुरक्षापेटी (Safety Belt) लगायतका अन्य सुरक्षाका साधनहरू जि.वि.स.को कार्यालयले उपलब्ध गराउनेछ । लामोतरिको झो.पु.को हकमा भने यस्तो सुरक्षा प्रबन्ध मिलाउने सम्पूर्ण दायित्व सम्बन्धित निर्माण व्यवसायीको हुनेछ ।

**नोटः उल्लेखित प्रावधानहरू श्रम ऐन, ०४८ को दफा ४६ को उपदफा (१) को खण्ड (ग) (घ) तथा श्रम नियमावली, २०५० को नियम १५, १६ र १७ समेतका आधारमा उल्लेख गरिएको हो ।**

# परिच्छेद - ६
# सुशासन

## ६.१ समावेशी उपभोक्ता समितिको गठन

उपभोक्ता समितिको छनौट लाभान्वित समुदायले गर्नेछ । उपभोक्ता समितिमा घटीमा ३३% महिला प्रतिनिधित्व हुनुपर्नेछ । दलित, जनजाति, उपेक्षित, गरीब तथा अल्पसंख्यकहरूको प्रतिनिधित्व सामानुपातिक हुनु पर्नेछ तथा उपभोक्ता समितिको घटीमा एक कार्यकारी पद पनि महिलालाई दिने सुनिश्चितता जि.वि.स.ले गर्नु गराउनु पर्नेछ ।

## ६.२ उपेक्षितलाई रोजगारी

झो.पु. निर्माण तथा मर्मत कार्यमा महिला, दलित, जनजाति तथा अल्पसंख्यक गरीबहरूलाई प्राथमिकता दिनु पर्नेछ तथा तिनीहरूलाई उपलब्ध रोजगारीको घटीमा ५०% भाग दिनु पर्नेछ ।

झोलुङ्गे पुलको नियमित मर्मतको लागि प्रत्येक पुलमा, पुल संरक्षक/पुल संरक्षिकाको छनौट जि.वि.स.ले सम्बन्धित गा.वि.स.र लाभान्वित जनसमुदायसंग सहकार्य गरी गर्नेछ । पुल संरक्षक/संरक्षिकाको छनौट गर्दा महिला, दलित, जनजाति, उपेक्षित, अल्पसंख्यक तथा गरीबवर्गका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

## ६.३ समयमा ज्यालाको भुक्तानी

कामदारहरूको ज्याला जि.वि.स.बाट उ.स.लाई निकासा प्राप्त भएको १५ दिन भित्र भुक्तानी गर्ने गराउने जिम्मेवारी उपभोक्ता समितिको हुनेछ ।

समान कामको लागि समान ज्यालाको सिद्धान्तको पालना गर्नु गराउनु पर्नेछ ।

झोलुङ्गे पुल निर्माण तथा मर्मत र पहुँच मार्ग सुधार कार्यको लागि सम्पूर्ण कामदारहरूको ज्याला भुक्तानी गर्नु पर्नेछ । कुनै पनि कामदारलाई ज्याला नदिई काममा लगाइने छैन ।

## ६.४ पारदर्शिता

झो.पु. निर्माण स्थलमा एउटा सूचनापाटी (Notice Board) अनिवार्य राख्नु पर्नेछ र त्यसमा झो.पु.को ल.ई., ठेक्का-पट्टा, आदि सम्बन्धी आवश्यक सूचना तथा जानकारी सर्वसाधारणलाई सूचित गर्नको लागि पारदर्शी ढंगले राख्नु पर्नेछ ।

छोटोतरिको प्रत्येक झो.पु. निर्माण स्थलमा प्रोजेक्ट सम्बन्धी सम्पूर्ण कार्यको अभिलेख राख्नको लागि प्रोजेक्ट बुक (Project Book) राखिनेछ । प्राजेक्ट बुकमा सम्पूर्ण जानकारी, विवरण, निर्णय आदि अद्यावधिक राख्नु पर्नेछ । लामोतरिको झो.पु. निर्माण स्थलमा समेत साइट रेकर्ड बुक राख्नु पर्नेछ ।

झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक परीक्षण गराई हिसाब फरफारक गरिनेछ ।

# परिच्छेद - ७
# प्राविधिक सहयोग तथा परामर्श सेवा

## ७.१ प्राविधिक सहयोग

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत झोलुङ्गे पुल निर्माण तथा मर्मत सम्बन्धी कार्यहरूको लागि प्राविधिक सहयोग/परामर्श स्वीस सरकार (SDC) ले हेल्भेटास नेपालको ट्रेल बृज सपोर्ट युनिट मार्फत उपलब्ध गराउने छ।

ट्रेल बृज सपोर्ट युनिटले जि.वि.स./जि.प्रा.का.को अनुरोधमा प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

जि.वि.स.ले छोटोतरिको झोलुङ्गे पुलको निर्माण तथा बृहत मर्मत कार्यको लागि उपभोक्ता समितिलाई गै.स.सं. मार्फत प्राविधिक तथा समाजिक परिचालन सहयोग उपलब्ध गराउनेछ।

जि.वि.स.ले लामोतरिको झोलुङ्गे पुलहरूको प्राविधिक सेवा/सहयोग नीजिक्षेत्रका परामर्शदाता र ट्रेल बृज सपोर्ट युनिट मार्फत प्राप्त गर्नेछ।

## ७.२ परामर्श सेवा शुल्क निर्धारण

लामोतरिको झोलुङ्गे पुलको सर्भे, डिजाइन आदि नीजिक्षेत्रका परामर्शदाताबाट गराउनको लागि दिग्दर्शनमा दिइएका नर्म्सका आधारमा ल.ई. तयार गरिनेछ।

नीजिक्षेत्रका परामर्शदाताबाट सुपरिवेक्षण, नीरिक्षण, अनुगमन आदि गराउनको लागि परामर्शदाता सेवा सम्बन्धी दिग्दर्शनमा दिइएको नर्म्सको आधारमा गरिनेछ।

गै.स.सं.को सेवा शुल्क जि.वि.स.ले झो.पु. रणनीति, २०६२ मा उल्लेख भए अनुसार भुक्तानी गर्नेछ।

# परिच्छेद - ८
# तालिम

## ८.१ झो.पु. सम्बन्धी तालिम तथा गोष्ठीहरू

झो.पु. क्षेत्रगत कार्यक्रमले क्षमता अभिबृद्धि गर्नको लागि विभिन्न तालिम तथा गोष्ठीहरू संचालन/आयोजना गर्ने गराउने छ -

- क) ईन्जिनियर स्तरको लागि झो.पु.सम्बन्धी तालिम
- ख) सब-ईन्जिनियर स्तरको लागि झो.पु.सम्बन्धी तालिम
- ग) असिस्टेन्ट सब-ईन्जिनियर स्तरको लागि झो.पु.सम्बन्धी तालिम
- घ) नीजिक्षेत्रका ईन्जिनियर तथा सब-ईन्जिनियरको लागि सुपरिवेक्षण, अनुगमन तथा निरीक्षण सम्बन्धी तालिम
- ङ) गै.स.सं. का समाजिक परिचालक/परिचालिकाहरूको लागि समाजिक परिचालन सम्बन्धी तालिम
- च) ठेकेदार तथा फेब्रिकेटरलाई गुणस्तर सम्बन्धी तालिम
- छ) परामर्शदातालाई अद्यावधिक गर्न अभिमुखिकरण तालिम
- ज) नमूना झालुङ्गे पुल तालिम
- झ) नियमित मर्मत तालिम
- ञ) वार्षिक कार्यशाला गोष्ठी

## ८.२ तालिममा सहभागिता

जि.वि.स., जि.प्रा.का., गै.स.सं. तथा नीजिक्षेत्रका सम्बन्धित कर्मचारीहरूलाई झोलुङ्गे पुल सम्बन्धी तालिमको व्यवस्था डोलिडारको तर्फबाट ट्रेल बृज सपोर्ट युनिटले गर्नेछ। जि.वि.स., जि.प्रा.का.ले तालिम दिनु पर्ने कर्मचारीहरूको नामावली वार्षिक रूपमा डोलिडारलाई उपलब्ध गराउनु पर्नेछ। डोलिडारले तालिममा सहभागिताको लागि स्वीकृति दिनेछ।

## ८.३ कार्यशाला गोष्ठी

डोलिडारले झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम सम्बन्धी अद्यावधिक सूचना एवं जानकारी आदान-प्रदान गर्न तथा नीतिगत परामर्शको लागि कार्यशाला (Workshop) को आयोजना असोज मसान्त भित्र गर्नेछ। यस प्रकारको कार्यशाला गोष्ठीमा डोलिडार, जि.वि.स., जि.प्रा.का. तथा ट्रेल बृज सपोर्ट युनिटको सहभागिता हुनेछ।

## ८.४ नियमित मर्मत तालिम

जि.वि.स.ले ट्रेल बृज सपोर्ट युनिटसंग सहकार्य गरी पुल संरक्षक/संरक्षिकालाई नियमित मर्मत कार्य गर्नका लागि तालिम आयोजना गर्ने गराउनेछ।

## ८.५ नमूना झो.पु. तालिम

जि.वि.स.को अनुरोधमा जिल्लास्तरमा नमूना झोलुङ्गे पुल तालिम संचालन गर्ने गराउने जिम्मेवारी ट्रेल बृज सपोर्ट युनिटको हुनेछ। नमूना झोलुङ्गे पुल तालिमका सहभागिहरूको छनौट उपभोक्ता समितिले गर्नेछ।

## ८.६ व्यवहारिक तालिम (On-the-Job Training)

झो.पु. तालिम लिएका कर्मचारीहरूलाई सैद्धान्तिक तालिम (३५ दिने) पछि निर्माण स्थलमा हुने कामकाजमा सहभगी भई व्यवहारिक ज्ञानशिप हासिल गरी On-the-Job Training (OJT) सम्पन्न गर्नको लागि जि.वि.स./जि.प्रा.का.ले आवश्यक सहयोग गर्ने गराउनेछ।

## ८.७ अभिमुखीकरण समिक्षा गोष्ठी

डोलिडारले झो.पु.क्षेत्रगत कार्यक्रमको भौतिक प्रगति विवरण तथा खर्चको फाँटवारी (पुलगत ल.ई. र खर्च) आदिको विवरण सम्बन्धमा आवश्यक जानकारी दिनको लागि अभिमुखीकरण गोष्ठी तथा वार्षिक प्रगतिको समिक्षा गर्नको लागि समिक्षा बैठकको आयोजना असोज मसान्त भित्र गर्नेछ।

# परिच्छेद - ९
# लेखा तथा लेखापरीक्षण

## ९.१ जिल्ला स्तरमा छुट्टै झो.पु. खाता

केन्द्रमा झो.पु. क्षेत्रगत कार्यक्रमको लागि एउटा Basket Fund को स्थापना गरिनेछ। झो.पु. Basket Fund मा विश्व बैंक, स्वीस सरकार, डिफआइडी तथा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम जम्मा गरिनेछ।
एशियाली विकास बैंकले आ.व. २०६६/०६७ र २०६७/०६८ मा DRILP र RRRSDP कार्यक्रमहरू मार्फत नै झो.पु. निर्माणको लागि सहयोग गरिरहनेछ।

केन्द्रले जि.वि.स.हरूलाई झो.पु. निर्माण तथा मर्मत र पहुँच मार्ग सुधारको लागि जि.वि.स. कोष मार्फत सशर्त अनुदान उपलब्ध गराउनेछ।

जि.वि.स.हरूले झो.पु. क्षेत्रगत कार्यक्रमको लागि जिल्ला स्तरमा छुट्टै बैंक खाता खोल्नेछ र केन्द्रबाट झो.पु.क्षेत्रगत कार्यक्रमको लागि प्राप्त भएको सशर्त अनुदान तथा जि.वि.स. र गा.वि.स.को तर्फबाट झो.पु.क्षेत्रगत कार्यक्रमको लागि उपलब्ध हुने रकम पनि जिल्ला विकास कोष मार्फत सोही खातामा जम्मा गर्नेछ।

जिल्ला स्तरमा रहेको झो.पु.कार्यक्रमको बैंक खाता संचालन सम्बन्धी ऐन नियम अनुसार हुनेछ। खर्च सम्बन्धी श्रेस्ता, फाँटवारी तथा अभिलेखहरू नियमानुसार राख्ने दायित्व जि.वि.स.को हुनेछ।

## ९.२ बिनियोजित प्रयोजनको लागि खर्च

नेपाल सरकारले झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको लागि जि.वि.स.लाई सशर्त अनुदान उपलब्ध गराउनेछ। सशर्त अनुदानमा नियमित तथा बृहत मर्मत, नयाँ निर्माण र पहुँच मार्ग सुधारको लागि रकम बाँडफाँट गरिएको हुन्छ। जुन प्रयोजनको लागि बजेट बिनियोजन गरिएको हो सोही प्रयोजनको लागि खर्च गर्नु पर्नेछ।

झो.पु. क्षेत्रगत कार्यक्रममा समावेश नभएका झो.पु.तथा स्वीकृत प्रयोजन बाहेक अन्य प्रयोजनको लागि गरिएका खर्चलाई डोलिडार झो.पु. क्षेत्रगत कार्यक्रमको खर्चको रूपमा स्वीकार गरिने छैन तथा त्यस्ता खर्च जि.वि.स.ले आफ्नै श्रोतबाट बेहोर्नु पर्नेछ।

## ९.३ DRILP तथा RRRSDP कार्यक्रम जिल्लामा झो.पु. निर्माण

विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम (DRILP) तथा ग्रामीण पुर्ननिर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP) का कार्यक्रम जिल्लाहरूमा झोलुङ्गे पुल निर्माण यथावत संचालन भई रहनेछ। उक्त जिल्लाहरूमा झोलुङ्गे पुल नयाँ निर्माणको लागि सम्बन्धित परियोजना मार्फत बजेट उपलब्ध हुनेछ। उक्त कार्यक्रम जिल्लाहरूमा झोलुङ्गे पुल निर्माणको लागि फलामे लट्ठा तथा बुल्डग ग्रिप्स र प्राविधिक सहयोग/परामर्श ट्रेल बृज सपोर्ट युनिट मार्फत उपलब्ध गराइनेछ। उक्त कार्यक्रम जिल्लाहरूमा समेत झोलुङ्गे पुल नियमित तथा बृहत मर्मत र पहुँच मार्ग सुधारको लागि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम मार्फत बजेट उपलब्ध गराइनेछ।

## ९.४ कार्य प्रगतिको आधारमा निकाशा

डोलिडारले जिल्लाको कार्य प्रगतिको आधारमा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको केन्द्रिय अनुदान बजेट घटाउन वा बढाउन सक्नेछ।

## ९.५ उपभोक्ता समितिलाई निकासा

जि.वि.स.ले उपभोक्ता समितिलाई झो.पु. निर्माण/मर्मतको लागि उपभोक्ता समिति मार्फत गरिने खर्चको लागि पहिलो किस्ताको निकासा सामुदायिक सम्झौता भएको एक महिना भित्र तथा पछिका किस्ता निकासा कार्य प्रगतिको आधारमा दिनेछ।

## ९.६ नियमित मर्मत कार्यको निकासा

झोलुङ्गे पुल नियमित मर्मतको लागि उपलब्ध बजेट जि.वि.स.ले गा.वि.स. मार्फत पुल मर्मत समिति वा पुल संरक्षक/संरक्षिकालाई उपलब्ध गराउने छ। पुल संरक्षक/संरक्षिकाको कार्यको अनुगमन गा.वि.स./पुल मर्मत समितिले गर्नेछ।

## ९.७ लागतको बाँडफाँट

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अर्न्तगत संचालित कार्यक्रमको लागि सरोकारवालाको कुल लागतमा (लट्ठा र बुल्डग ग्रिप्स समेत) योगदान निम्नानुसार हुनेछ।

| | **नेपाल सरकार क्षेत्रगत कार्यक्रम (जि.वि.स.सशर्त अनुदान)** | **जि.वि.स./ गा.वि.स.** | **कैफियत** |
|---|---|---|---|
| नियमित मर्मत | १००% | - | - |
| बृहत मर्मत | १००% | - | - |
| पुनर्निर्माण/जिर्णोद्धार | १००% | - | - |
| लामोतरिको नयाँ निमाण | ९२% | ८% | - |
| छोटोतरिको नयाँ निमाण | ९२% | ६% | समुदायको योगदान बढीमा २% हुनेछ। |
| पहुँच मार्ग | ९२% | ६% | २% |

## ९.८ लेखा परीक्षण

जि.वि.स.ले झो.पु. क्षेत्रगत कार्यक्रमको लागि भएको निकासा तथा खर्चको प्रचलित नियम कानून अनुसार लेखापरीक्षण गराउने छ तथा सो को प्रतिवेदन जि.वि.स.लाई प्राप्त भएको एक महिना भित्र एक प्रति डोलिडारलाई उपलब्ध गराउनु पर्नेछ।

डोलिडारले र दातृ निकायले झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको लेखा तथा प्राविधिक परीक्षण गराउन सक्नेछ ।

# परिच्छेद - १०
# रिर्पोटिङ्ग

## १०.१ भौतिक प्रगति विवरण तथा खर्चको फाँटवारी

जि.वि.स./जि.प्रा.का.ले झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको भौतिक प्रगति विवरण तथा खर्चको विवरण/फाँटवारी तोकिएको ढाँचामा मासिक प्रतिवेदन ५ गते भित्र चौमासिक प्रगति विवरण अर्को महिनाको ७ गते भित्र तथा वार्षिक प्रतिवेदन श्रावण १५ गते भित्र डोलिडारमा आइपुग्ने गरी उपलब्ध गराउनु पर्नेछ। डोलिडारले तयार गरेको ढाँचामा जि.वि.स./जि.प्रा.का.ले प्रगति विवरण तथा झोलुङ्गे पुलको पुलगत ल.ई. र खर्चको फाँटवारी तयार गरी पठाउनेछ।

## १०.२ समावेशिकरण तथा रोजगारी

जि.वि.स./जि.प्रा.का.ले चौमासिक तथा वार्षिक भौतिक प्रगति विवरण पठाउँदा रोजगारी लाभान्वित जनसंख्या, उ.स. पदाधिकारी तथा सदस्यहरूे (महिला, पुरूष, दलित, जनजाति आदि खुल्ने गरी) को विवरण समेत पठाउनु पर्नेछ।

## १०.३ प्रभावकारिता अध्ययन

झोलुङ्गे पुलको प्रभावकारिता अध्ययन, केस स्टडी तथा झोलुङ्गे पुल निर्माण पछिको अवस्था सम्बन्धी अध्ययन अनुसन्धान गर्न गराउन जि.वि.स./जि.प्रा.का.ले पहल गर्ने गराउने छ र दातृ संस्था र ट्रेल बृज सपोर्ट युनिटले अध्ययन गर्न गराउन खोजेमा आवश्यक सहयोग गर्ने गराउनेछ तथा सो को रिपोर्ट डोलिडारलाई उपलब्ध गराउनेछ।

# परिच्छेद - ११
# अभिलेख तथा समिक्षा

## ११.१ जिल्ला झोलुङ्गे पुल रेकर्ड

जिल्ला स्तरमा जिल्ला झोलुङ्गे पुल अभिलेख तयार गर्ने जिम्मेवारी जि.वि.स.को हुनेछ। जिल्ला झोलुङ्गे पुल रेकर्डमा पुलहरूको अवस्थाको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ। जि.वि.स.ले प्रत्येक वर्ष श्रावण मसान्त भित्र अद्यावधिक जिल्ला झोलुङ्गे पुल अभिलेख डोलिडारलाई उपलब्ध गराउनु पर्नेछ। जि.वि.स.ले गै.स.सं. मार्फत उक्त कार्य गर्न गराउन सक्नेछ तथा सो वापतको छुट्टै सेवा शुल्क गै.स.सं.लाई भुक्तानी गर्नु पर्नेछ।

## ११.२ नेपाल झोलुङ्गे पुल रेकर्ड

डोलिडारले जिल्ला झोलुङ्गे पुल अभिलेखहरू संकलन गरी सो को आधारमा नेपाल झोलुङ्गे पुल अभिलेख माघ मसान्त भित्र अद्यावधिक गरी प्रकाशित गर्नेछ।

## ११.३ जिल्ला यातायात गुरू योजना

जि.वि.स./जि.प्रा.का.ले जिल्ला यातायात गुरू योजना अद्यावधिक गर्दा झोलुङ्गे पुल सम्बन्धी तथ्याँक, सूचना तथा जानकारीलाई समावेश गरी गर्ने गराउने छ। झोलुङ्गे पुलको कोअर्डिनेट्स संकलन गरी जिल्ला झोलुङ्गे पुल अभिलेखमा राख्नेछ। जिल्ला यातायात गुरू योजना अद्यावधिक गर्दा जिल्ला यातायात पूर्वाधार नक्सामा रहेका तथ्याँक, सूचना एवं जानकारीलाई समेत आवश्यकता अनुसार समावेश गर्नेछ।

## ११.४ कार्यक्रमको जिल्लागत समिक्षा

डोलिडार, जि.वि.स., जि.प्रा.का. तथा ट्रेल बृज सपोर्ट युनिटले झोलुङ्गे पुल जिल्लागत कार्यक्रमको वार्षिक समिक्षा गर्नेछ। यो समिक्षा पुस मसान्त भित्र सम्बन्धित जिल्लामा गरिनेछ। कार्यक्रमको समिक्षा बैठकमा डोलिडार/ग्रामिण पुल शाखा, जि.वि.स., जि.प्रा.का., ट्रेल बृज सपोर्ट युनिट तथा गै.स.सं.का प्रतिनिधि र तीनवटा उ.स.हरूबाट एक-एक जना गरी जम्मा तीन जनाको प्रतिनिधित्व हुनेछ।

## ११.५ गै.स.सं.को कार्य समिक्षा

गै.स.सं.ले गरेका कार्यहरूको लेखाजोखा तथा मूल्याङ्कन जि.वि.स./जि.प्रा.का.ले गर्नेछ। सो कार्यमा ट्रेल बृज सपोर्ट युनिटको पनि सहभागिता रहनेछ।

## ११.६ संशोधन

यसे निर्देशिकाको संशोधन डोलिडारले आवश्यकतानुसार गर्नेछ।